## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन प्रमुख नापी अधिकृत स्वर्गिय शशीकान्त झा समेत ६८ जना मु.नं (०८०-CR-०११२) फैसला मिति २०८२/०४/२८ | सरकारी सार्वजनिक जग्गा हालसाविक जग्गादर्ता प्रक्रियाबाट व्यक्ति विशेषको नाममा दर्ता गरी भ्रष्टाचार गरेको। | **आयोगको मागदावी**<br>• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन प्रमुख नापी अधिकृत स्व. शशीकान्त झा र निजको श्रीमति प्रतिवादी श्रीमती अनार देवी झा, नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन प्रमुख नापी अधिकृत स्वर्गिय संसार नाथ पाण्डे र निजको श्रीमती सावित्री पाण्डेयको हकमाः निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा प्रतिवादी मध्येका शशीकान्त झाको हकमा विगो रु. ३०,०२,७१,९२६।६५ कायम गरि र प्रतिवादी मध्येका संसार नाथ पाण्डेको हकमा विगो रु. ६७,७०७।५० कायम गरि गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरि बिगो असुल उपर हुन मागदावी लिनुपर्ने देखिएता पनि निज प्रतिवादी द्वयको मृत्यु भएको देखिदा मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले निज प्रतिवादी द्वयको श्रीमतीहरुबाट बिगो असुल उपर हुन समेतको मागदावी लिईएको देखिन्छ।<br>• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन प्रमुख नापी अधिकृत विष्णु कुमार न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा बिगो रु.२,०३,१०५।०० (अक्षरुपी दुई लाख तिन हजार एक सय पाँच मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरि कैद बिगो असुल उपर हुन समेतको मागदावी लिईएको देखिन्छ।<br>• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन नापी अधिकृत राम देव मण्डल धानुकलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा बिगो रु. १४,२७,६००।३० (अक्षरुपी चौध लाख सत्ताईस हजार छ सय रुपैया तिस पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरि बिगो असुल उपर हुन समेतको मागदावी लिईएको देखिन्छ।<br>• नापी कार्यालय, दमक, झापाका तत्कालिन नापी अधिकृत प्रतिवादी शेष | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• विवादित कि.नं. ७६०/१, ७६१, ७६२, ७७३, ७८३, ७८४, ७८६, ७८७, ७८८ का जग्गाहरू फिल्डबुक तथा अभिलेखअनुसार पर्ति, खोला, सडक आदि सरकारी/सार्वजनिक प्रकृतिका रहेको, उक्त सरकारी/सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गराउने कार्यमा नापी कर्मचारीहरूको संलग्नता रहेको देखिएको जसको कारणवाट सरकारी जग्गा दर्ता गरी प्रतिवादीहरूले गैरकानूनी लाभ लिएको तथा नेपाल सरकारलाई हानी पुगेको देखिएको।<br>• बिगो निर्धारण गर्दा वास्तविक समयको सट्टा पछिल्लो मूल्य अनुसन्धानताकाको प्रयोग गरिएको देखिएको।<br>• प्रारम्भिक नापीमा अभिलेख कायम गर्ने कर्मचारीको मात्र बदनियत रहेको र त्यसपछिका कर्मचारीहरूको संलग्नता देखिने प्रमाणको अभाव रहेको देखिएको।<br>• मुख्य प्रतिवादी गगन भन्ने रेवतराज पुरी बाहेक अन्य जग्गा धनी प्रतिवादीहरूको बदनियत नदेखिएकोले सफाइ हुने तर निजहरुका नाममा आएको जग्गा विवादित जग्गाहरू भ्रष्टाचार | • जिल्ला झापा दमक नगरपालिका अन्तर्गत साविक कित्ता नम्बरहरु ७६०/१, ७६१, ७६२, ७७३, ७८३, ७८४, ७८६, ७८७, ७८८ तथा साविक दमक वडा नं.६ग र वडा नं.५ख को विचमा तत्कालिन २०२१ सालको नापीको समयमा कसैको नाममा नाप नक्सा नभएको, कित्ता कायम नभएको, मार्जिनको जग्गाहरुको फिल्डबुकमा सरकारी सार्वजनिक जनिएको/श्रेस्ता कायम भएको जग्गा देखिदा उक्त जग्गाहरु सरकारी सार्वजनिक जग्गाहरु हुन भन्ने तथ्य स्थापित भएको छ। सर्पट (पुनः नापी) नापीको क्रममा प्रतिवादीहरुले बदनियत राखी आपसी मिलोमतो तथा योजनामा हालसाविक दर्ता प्रकृयावाट व्यक्ति विशेषको नाममा कायम गर्ने निर्णय गरी कित्ता नम्बर कायम गरी गराई जग्गा धनी दर्ता पूर्जा समेत दिएको तथ्य नापी कार्यालय, दमकबाट प्राप्त शुरु नापीमा सरकारी सार्वजनिक जग्गा जनिई जग्गाधनी दर्ता श्रेस्ता कायम भएका कित्ता नम्बरहरु ७६०/१, ७६१, ७६२, ७७३, ७८३, ७८४, ७८६, ७८७, ७८८ तथा साविक दमक वडा नं. ६ग र वडा नं. ५ख को विचमा तत्कालिन २०२१ सालको नापीको समयमा कसैको नाममा नाप नक्सा नभएको कित्ता कायम नभएको मार्जिनको जग्गाहरु हाल पुनः नापीमा व्यक्ति विशेषको नाममा नापी भई नक्सा र प्लटरजिष्टरमा अभिलेख कायम भएको जग्गाहरुको विवरण सहितको प्रतिवेदनसमेत पुष्टि भएको देखिदा प्रस्तुत मुद्दाको सम्बन्धमा अनुसन्धानको क्रममा संकलित उजुरी निवेदन, नापी कार्यालय दमकको विभिन्न मितिहरुमा प्राप्त पत्र सहितको राय प्रतिकृया/प्रतिवेदन, मालपोत कार्यालय दमकबाट प्राप्त राय प्रतिकृया, सरकारी सार्वजनिक जग्गालाई हालसाविक जग्गा दर्ता प्रकृयाबाट व्यक्ति विशेषको नाममा जग्गा पुनःनापीको समयमा नाप जाँच गरी अभिलेख राखी जनाई जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गर्ने गराउने कार्यमा संलग्न नापी कार्यालय, दमक, झापा तथा मालपोत कार्यालय,दमक झापाका तत्कालिन कर्मचारीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, सरकारी सार्वजनिक जग्गालाई हाल साविक जग्गा दर्ता प्रकृयाबाट जग्गाधनी दर्ता प्रमाण पूर्जा प्राप्त गर्ने शुरु जग्गाधनीहरु तथा निजहरुको हकवाला र उक्त जग्गाहरुको तह-तह हुदै खरिद-बिक्रि मार्फत जग्गा प्राप्त गरी हाल हकभोग गरेका प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान समेतका प्रमाण कागजहरुको आधारमा यि प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८, दफा ९ र दफा २२ अन्तर्गतको भ्रष्टाचारजन्य कसुर गरेको तथ्य स्थापित भएको देखिन्छ। जुनतथ्यलाई आधार मानी विशेष अदालतवाट केही प्रतिवादीहरुलाई सजाय गरि मागदावी बमोजिमको कित्ता जग्गाहरु जफत हुने ठहर गरि भएको फैसलावाटै भ्रष्टाचारजन्य कसूर भएको तथ्य थप स्पष्ट भएको देखिन्छ।<br>• प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा नापी कार्यालय, दमक, झापाको च.नं. १२८९, मिति २०७८।०९।२९ को पत्रसाथ प्राप्त पाना ३६ को विवरण, हालसाविक गरिएका निर्णय मिसिलहरु, हालसाविक गर्दाको नापी कार्यालय, तथा मालपोत कार्यालय दमक, झापाबाट जारी गरीएको जग्गाधनी दर्ता श्रेष्ता, हालको जग्गाधनीहरुको जग्गाधनी दर्ता श्रेष्ता, प्लटरजिष्टर, प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान समेतको आधार प्रमाणहरुवाट आरोप पत्रमा उल्लिखित कर्मचारीहरुले आफ्नो पदको दुरुपयोग गरी आफू तथा शुरु हालसाविक गरिएका प्रतिवादीहरुलाई लाभ र सरकारी/सार्वजनिक संस्थालाई हानी पुर्याउने बदनियतले हालसाविक जग्गादर्ता प्रक्रियाबाट सरकारी, सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा कायम गरी गराई भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भएकोले विशेष अदालत, काठमाण्डौवाट "नापी कार्यालय, झापाका प्रमुख नापी अधिकृत प्रतिवादी शशीकान्त झाको हकमा निजको श्रीमती अनार देवी झालाई समेतलाई प्रतिवादी कायम गरि आरोप पत्र दायर भएको देखिदा निज |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>बहादुर श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिमको कसूरमा बिगो रु. ४,२३,११५।०० (अक्षरुपी चार लाख तेईस हजार एक सय पन्ध्र रुपैया मात्र) कायम गरी, नापी अधिकृत सियालाल रामलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिमको कसूरमा बिगो रु ३,६७,४७,२८७।५० कायम गरि, नापी अधिकृत स्टालिन भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिमको कसूरमा बिगो रु ८९,७४, ५००।कायम गरि निज प्रतिवादीहरु तीन जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिईएको देखिन्छ।<br>
• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन सर्भेक्षक सिताराम यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसुरमा बिगो रु. २४,४२,३९,२९७.३५ (अक्षरुपी चौबिस करोड बयालिस लाख उनान्चालिस हजार दुई सय सन्तानब्बे रुपैया पैतिस पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>
• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन सर्भेक्षक विन्देश्वर पंजियार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा बिगो रु. २९,६८,९४,७७७.३५ (अक्षरुपी उनान्तिस करोड अठ्सठ्ठी लाख चौरानब्बे हजार सात सय सतहत्तर रुपैया पैतिस पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>
• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन सर्भेक्षक गणेश कुमार धिमाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा बिगो रु. ५,१४,८९,६४९।५० (अक्षरुपी पाँच करोड चौध लाख उनान्नब्बे हजार छ सय उनान्चास रुपैया पचास पैसा मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>
• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन सर्भेक्षक जगदीश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा विगो रु.२२,३०,६१९।५० (अक्षरुपी बाईस लाख, तिस हजार, छ सय उन्नाईस रुपैया पचास पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।</td>
<td>निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत हुने</td>
<td>शशीकान्त झा, संसारनाथ पाण्डेयसमेतको मृत्यु भैसकेको हुदाँ निजलाई सजाय गर्नु परेन, उक्त हालसाविक जग्गादर्ता प्रक्रियाको निर्णयमा संलग्न नापी कार्यालय, दमकका अन्य कर्मचारीहरु प्रतिवादीहरु सिताराम यादव, विन्देश्वर पंजियार सुढी, जगदिश प्रसाद यादव, गणेश कुमार धिमाल, रुद्र प्रसाद श्रेष्ठ, रामदेव मण्डल धानुक, विनोद कुमार मण्डल, मिन बहादुर प्रधान र विष्णु कुमार न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम निम्न अनुसार कैद र निजहरु संलग्न जग्गाको क्षेत्रफल अनुसार हुने बिगो रकमको दामासाहीले जरिबाना हुने ठहर गरि फैसला भएको देखिन्छ।
<table>
<tr><th>सि. नं.</th><th>प्रतिवादी कर्मचारीको नाम</th><th>दर्ता गरेको क्षेत्रफल</th><th>कैद</th><th>जरिबाना रु.</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>सिताराम यादव</td><td>१३८९३५.७९</td><td>एक वर्ष</td><td>२५,००,८४४।२२</td><td></td></tr>
<tr><td>२.</td><td>विन्देश्वर पंजियार सुंढी</td><td>१७२६७३.६१</td><td>एक वर्ष</td><td>३१,०८,१२४।९८</td><td></td></tr>
<tr><td>३.</td><td>जगदिश प्रसाद यादव</td><td>१७२१.८९</td><td>तीन महिना</td><td>३०,९९४।०२</td><td></td></tr>
<tr><td>४.</td><td>गणेश कुमार धिमाल</td><td>३५१२९.२७</td><td>छ महिना</td><td>६,३२,३२६।८६</td><td></td></tr>
<tr><td>५.</td><td>रुद्र प्रसाद श्रेष्ठ</td><td>१८३७.९५</td><td>तीन महिना</td><td>३३,०८३।१०</td><td></td></tr>
<tr><td>६.</td><td>रामदेव मण्डल धानुक</td><td>१३९७.५३</td><td>तीन महिना</td><td>२५,१५५।५४</td><td></td></tr>
<tr><td>७.</td><td>विनोद कुमार मण्डल</td><td>२६५७२.९९</td><td>छ महिना</td><td>४,७८,३१३।८२</td><td></td></tr>
<tr><td>८.</td><td>मिनबहादुर प्रधान</td><td>१०१६.०७</td><td>तीन महिना</td><td>१८,२८९।२६</td><td></td></tr>
<tr><td>९.</td><td>विष्णु कुमार न्यौपाने</td><td>११६.०६</td><td>तीन महिना</td><td>२,०८९।८</td><td></td></tr>
</table>
• साथै पहिलो क्रमका हालसाविक गर्ने ३६ जना प्रतिवादीहरु मध्येका गगन भन्ने रेवतराज पुरीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूरमा मूल प्रतिवादीहरुलाई भए सरह नै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम एक वर्ष कैद र हुने बिगोको दामासाहीले हुने रु.३१,५२,५५९।७८ जरिबाना हुने र दोस्रो तहमा हकहस्तान्तरण भई जग्गा प्राप्त गरेका जग्गा धनी प्रतिवादीहरु अनु रानासमेत जना १०४ को हकमा निजहरुको नाममा कायम भई आएको आरोप दावी बमोजिमको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत हुने</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन सर्भेक्षक मिन बहादुर प्रधानलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) एवं दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा विगो रु.२१,०२,५३७.५० (अक्षरुपी एक्काईस लाख, दुई हजार, पाँच सय सैतिस रुपैया पचास पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• नापी कार्यालय, चन्द्रगढी, झापा र नापी कार्यालय, दमक, झापाका तत्कालिन सर्भेक्षक विनोद कुमार मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिमको कसूरमा बिगो रु. ४,८६,८०,९०५.००(अक्षरुपी चार करोड छयासी लाख असी हजार नौ सय पाँच रुपैया मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ९ बमोजिम समेत सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>• नापी कार्यालय, दमक, झापाका तत्कालिन सर्भेक्षक इद्रिस नदाफ, सर्भेक्षक डिल्ली कुमार लिम्बु र सर्भेक्षक कृष्ण देव रामलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिमको कसूरमा प्रतिवादी इद्रिस नदाफलाई विगो रु.३,६८,३२,३०२।५०, प्रतिवादी डिल्ली कुमार लिम्बुलाई विगो रु. ८९,७४,५००।००, र प्रतिवादी कृष्ण देव रामलाई विगो रु.३५,८८,६३७।५० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ९ बमोजिमसमेत सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>• नापी कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन नायब सुब्बा रुद्र प्रसाद श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा बिगो रु. २४,३३,७२४.५० (अक्षरुपी चौबिस लाख तेत्तिस हजार सात सय चौबिस रुपैया पचास पैसा मात्र) कायम सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• मालपोत कार्यालय, दमक, झापाका तत्कालिन प्रमुख मालपोत अधिकृत स्व. बच्चुराम कार्की र निजको श्रीमती प्रतिवादी शर्मीला कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा विगो रु. ३,३९,१९,८६५.०० (अक्षरुपी तिन करोड, उनान्चालिस लाख, उन्नाईस हजार, आठ सय पैसट्ठी रुपैया मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिनुपर्ने देखिएता पनि स्व. बच्चुराम कार्कीको मिति २०७९।०४।१९ मा मृत्यु भएको देखिदा मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा १३३ को | | ठहर गरि विशेष अदालतवाट फैसला भएको देखिदा यि प्रतिवादीहरु विरुद्धको भ्रष्टाचारजन्य कसुरको कसूरजन्य कार्य (Corpus delicti of the Corruption) स्थापित भए कै देखिन्छ।<br>• प्रस्तुत मुद्दामा कसुर ठहर भएका प्रतिवादीहरु सिताराम यादव (३३ कित्ता जग्गाहरुको बिगो रु. २४,४२,३९,२९७।३५), विन्देश्वर पंजियार सुढी (३९ कित्ता जग्गाहरुको बिगो रु. २९,६८,९४,७७७।३५), जगदिश प्रसाद यादव (२ कित्ता जग्गाहरुको रु. २२,३०,६१९।५०),गणेश कुमार धिमाल (८ कित्ता जग्गाहरुको बिगो रु. ५,१४,८९,६४९।५०),रुद्र प्रसाद श्रेष्ठ ( ३ कित्ता जग्गाहरुको बिगो रु. २४,३३,७२४।५०), रामदेव मण्डल धानुक (५ कित्ताका जग्गाहरुको बिगो रु. १४,२७,६००।३०),विनोद कुमार मण्डल(१० कित्ताका जग्गाहरुको बिगो रु. ४,८६,८०,९०५।००), मिन बहादुर प्रधान (२ कित्ता जग्गाहरुको रु. २१,०२,५३७।५०), विष्णु कुमार न्यौपाने (२ कित्ता जग्गाहरुको बिगो रु.२,०३,१०५।००) र गगन भन्ने रेवतराज पुरी (७ कित्ता जग्गाहरुको बिगो रु.६,०२,७०,४९९।००) कायम गरि आरोप दावी लिंदा विवादित कूल ५८ वटा कित्ताहरुमध्ये उल्लेखित कित्ता नम्बरहरु ७२,७३ र १३३ कित्ताहरु बाहेक जम्मा बाँकी ५५ वटा कित्ताहरुमा सुरु नापीमा नै सरकारी सार्वजनिक कायम भएका जग्गाहरुको जम्मा क्षेत्रफल २०२२३६.२२ व.मि. (२९-१७-४.३२ बिगाहा) व्यक्ति विशेषको नाममा हालसाविक जग्गा दर्ताबाट व्यक्ति विशेषको नाममा दर्ता कायम भएको र उक्त क्षेत्रफलको जग्गाको आरोप पत्र दायर गर्दाका बखत बिगो कायम गर्दा मालपोत कार्यालय, दमक, झापाको च.नं. ४८५२, मिति २०८०।१०।०५, च.नं. ४८९२, मिति २०८०।१०।०८, च.नं. ४९६३, मिति २०८०।१०।११ र च.नं. ५००७, मिति २०८०।१०।१२ को पत्रसाथ प्राप्त मूल्याङ्कन अनुसार उक्त जग्गाहरुको आ.व.२०८०।८१ को न्यूनतम मूल्याङ्कन रु.३४,६६,५४,८४९।६५ (अक्षरेपि चौंतिस करोड छैसट्ठी लाख चवन्न हजार आठ सय उनानचास रुपैया पैंसठी पैसा मात्र) खुली आएको र उक्त जग्गा शुरु दर्ता तथा हालसाविक पश्चात निरन्तर रुपमा यि प्रतिवादीहरुले विभिन्न तहमा बिक्री गरि समयको क्रम अनुसार जग्गाको खरिद तथा विक्री दरमा हुने मुल्यको उतारचढावको आधारमा निरन्तर भोग गरि फाईदा प्राप्त गरि रहेको र पछिल्लो जग्गा धनिहरुलाई समेत जफत प्रयोजनको लागी प्रतिवादी कायम गरि अभियोजन गरिएकोमा शुरु विशेष अदालतवाट उक्त दावी गरिए कै रु.३४,६६,५४,८४९।६५ को जग्गा जफत हुने ठहर समेत गरि फैसला भई सकेको परिप्रेक्ष्यमा यि प्रतिवादीहरुलाई निजहरुले फाईदा प्राप्त गरेको हिसावले सो जग्गाको पछिल्लो मुल्यांकन कै आधारमा विगो कायम गरि सजाय गर्नु पर्नेमा मिति २०६५।०३।२६ र २७ मा जिल्ला प्रशासन कार्यालय झापामा बसेको न्यूनतम मूल्याङ्कन समितिको वैठकले आ.व. २०६५।०६६को लागी निर्धारण गरेको न्यूनतम मुल्यांकनको आधारमा प्रति विगाह रु.३,००,०००।- का दरले कायम गरेको विगोको आधारमा निज प्रतिवादीहरुलाई कम कायम गरि घटी सजाय हुने ठहर गरि भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटीपुर्ण देखिंदा बदरभागी छ।<br>• नापी **कार्यालय, चन्द्रगढी, झापाका तत्कालिन प्रमुख नापी अधिकृत स्व. शशीकान्त झा र निजको श्रीमती प्रतिवादी अनार देवी झा, प्रमुख नापी अधिकृत संसारनाथ पाण्डेयको र निजकी श्रीमती सावित्री पाण्डेय र प्रमुख मालपोत अधिकृत बच्चुराम कार्कीको हकमा निजकी श्रीमती शर्मिला कार्की, र मालपोत कार्यालय दमकका नायब सुब्बा अर्जुन पोखेलको हकमा निजकी श्रीमती रञ्जना दाहालका हकमाः निज** प्रतिवादी शशीकान्त झा, संसार नाथ पाण्डेय, बच्चुराम कार्की तथा अर्जुन पोखेलले गरेका कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिम आरोपपत्रमा उल्लेखित फरक फरक बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिबानाको सजाय गरी बिगो असुल उपर हुन मागदावी लिनुपर्ने देखिएता पनि निज प्रतिवादीको मिति २०७५।०९।०७ मा मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकोले फौजदारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपदफा (२) तथा दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम हानी नोक्सानी भएको बिगो निजको श्रीमती शर्मिला कार्कीवाट असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• मालपोत कार्यालय, दमक, झापाका तत्कालिन मालपोत अधिकृत होमनाथ सेढाई,तारानाथ दंगाल, र भिष्मराज भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा प्रतिवादी होमनाथ सेढाईलाई बिगो रु. ३२,५०,५३७।५० प्रतिवादी तारानाथ दंगाललाई बिगो रु. ८९,७४,५००।०० प्रतिवादी भिष्मराज भट्टराईलाई रु. २,४७,६६,७५०।०० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।<br>• मालपोत कार्यालय, दमक, झापाका तत्कालिन नायब सुब्बा स्वर्गीय अर्जुन पोखेल र निजको श्रीमती प्रतिवादी रञ्जना दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा बिगो रु. २५,७४२।५० (अक्षरुपी पच्चिस हजार, सात सय बयालिस रुपैया पचास पैसा मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिनुपर्ने देखिएता पनि निजको मृत्यु भएको देखिदा मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२) तथा दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (क) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम हानी नोक्सानी भएको बिगो रु. २५,७४२.५० (अक्षरुपी पच्चिस हजार, सात सय बयालिस दशमलब पाँच रुपैया मात्र) निजको श्रीमती रञ्जना दाहालवाट असुल उपर गर्न मागदावी लिईएको देखिन्छ।<br>• मालपोत कार्यालय, दमक, झापाका तत्कालिन नायब सुब्बा ज्ञानु सिवाकोटी,नायब सुव्बा कृष्ण भट्टराई,नायब सुब्बा खड्ग बहादुर खड्का,नायब सुब्बा राज कुमार राई,नायब सुब्बा रोहित कुमार कोइराला र नायब सुब्बा डिल्लीराम कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) बमोजिमको कसूरमा प्रतिवादी ज्ञानु सिवाकोटीलाई बिगो रु. ४,२३,११५।-, प्रतिवादी कृष्ण प्रसाद भट्टराई विगो रु.४,५७,२१,७८७।५०, प्रतिवादी खड्ग बहादुर खड्का विगो रु.२,८०,१७,२८७।५०, प्रतिवादी राज कुमार राई विगो रु.३,९७,३७२।५०,रोहित कुमार कोइराला विगो रु.८९,७४,५००।००,डिल्लीराम कोइराला विगो रु.३२,५०,५३७।५० कायम गरीसोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ। | | न्यायको मान्य सिद्धान्त बमोजिम निज उपर फौजदारी कसुरमा कैदको सजाय माग दावी लिनुपर्ने अवस्था नरहेता पनि निज उपर मुलुकी फौजदारी कार्यबिधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि विगो, क्षतिपुर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले **प्रतिवादी शशीकान्त झाको श्रीमति श्रीमती अनार देवी झा, प्रमुख नापी अधिकृत संसारनाथ पाण्डेयको हकमा निजकी श्रीमती सावित्री पाण्डेय र प्रमुख मालपोत अधिकृत बच्चुराम कार्कीको हकमा निजकी श्रीमती शर्मिला कार्की, र मालपोत कार्यालय दमकका नायब सुब्बा अर्जुन पोखेलको हकमा निजकी श्रीमती रञ्जना दाहाल**समेतबाट प्रतिवादी शशीकान्त झाले जिवित हुँदा माथि उल्लेखित कसूर गरी नेपाल सरकारलाई हानि पुर्याएको आरोपपत्रमा उल्लेखित फरक फरक बिगो निज प्रतिवादीहरुको **श्रीमति प्रतिवादी श्रीमती अनार देवी झा, श्रीमती सावित्री पाण्डेय, र श्रीमती शर्मिला कार्की र श्रीमती रञ्जना दाहाल**समेतबाट असुल उपर हुन मागदावी लिईएकोमा शुरु बिशेष अदालतले प्रतिवादीहरुमध्ये प्रतिवादीहरु शशीकान्त झा, संसारनाथ पाण्डेय, बच्चुराम कार्की, र अर्जुन पोखेलको मृत्यु भैसकेकोले सजाय गरिरहन परेन र विगोको सम्बन्धमा हाल साविक गरिएका आरोपपत्रमा रहेका विभिन्न कित्ता जग्गाहरु जफत गरी नेपाल सरकारको नाममा ल्याउने ठहर गरेको देखिन्छ। यद्यपि फौजदारी दण्डप्रणाली तथा प्रचलित कानुन बमोजिम निज प्रतिवादी स्व. शशीकान्त झा समेतको हकमा कसूर ठहर हुने फैसला भई सकेपछी निजवाट असुल उपर गर्नुपर्ने बिगो निजहरु प्रतिवादीहरुका उपरोक्त अनुसारका प्रतिवादी श्रीमतीहरुबाट उपरोक्त कानूनी व्यवस्थाको आधारमा असुल हुनुपर्नेमा सो तर्फ मौन रही विशेष अदालतबाट केवल निज प्रतिवादीहरुका श्रीमतीहरुक नाममा दर्ता कायम हुन आएको उक्त जग्गाहरु जफत हुने ठहर गरेतापनि विगो भराउने तर्फ मौन रही भएको फैसला कानुन र न्यायका दृष्टिकोणबाट त्रुटिपूर्ण भई बदरभागी छ।<br>• **नापी कार्यालय, दमक, झापाका तत्कालिन नापी अधिकृत शेष बहादुर श्रेष्ठ,नापी अधिकृत सियालाल राम, नापी अधिकृत स्टालिन भण्डारीको हकमा:** जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६ को उपदफा (६ग), जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम १५ उपनियम (५), नापी शाखा एंव नापी गोश्वाराको कार्यविधि, २०६० समेतको व्यवस्थामा उल्लेख भए बमोजिम सरकारी सार्वजनिक जग्गा घुसाई हालसाविक जग्गा दर्ता प्रकृयावाट व्यक्ति विशेषको नाममा दर्ता गर्न गराउन नपाईने स्पष्ट कानून व्यवस्था रहेकोमा सोको विपरित प्रतिवादी शेष वहादुर श्रेष्ठले वदनियत राखी आफूसमेतलाई लाभ प्राप्त गर्ने र नेपाल सरकार/सार्वजनिक संस्थालाई हानी पुर्याउने वदनियतले मालपोत कार्यालय दमकवाट ओभरल्याप (Overlap) नक्सा सहितको सरकारी सार्वजनिक समेतका जग्गा घुसे/नघुसेको विवरण माग भएकोमा २०२१ सालको नापीमा नै सरकारी सार्वजनिक कायम भएका जग्गाहरु व्यक्ति विशेषकोमा घुसेको देखिदासमेत सरकारी सार्वजनिकसमेतका जग्गा व्यक्ति विशेष जग्गामा नघुसेको भनी गलत लिखत तयार गरी गराई ओभरल्याप(Overlap) नक्सासमेत सामेल नगरी नगराई मालपोत कार्यालय दमक झापामा विवरण प्रमाणित गरी गराई पठाएकोमा उक्त गलत विवरण नै स्वीकार गरी थप आवश्यक कागजात प्राप्त नगरी मालपोत कार्यालय दमक झापावाट सरकारी सार्वजनिक जग्गा घुसाई हालसाविक जग्गा दर्ताको निर्णय भएको देखिँदा निज प्रतिवादी **शेष बहादुर श्रेष्ठ,सियालाल राम र स्टालिन भण्डारी**ले गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादीहरु शेष बहादुर श्रेष्ठलाई ३ कित्ता जग्गाको बिगो रु. ४,२३,११५।०० (अक्षरुपी चार लाख तेईस हजार एक सय पन्ध्र रुपैया मात्र), सियालाल रामलाई ४ कित्ता जग्गाको बिगो रु. ३,६७,४७,२८७।५० (अक्षरुपी तीन करोड सठसठ्ठी लाख सतचालीस हजार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • जग्गा धनी प्रतिवादीहरु रेवत राज पुरी (गगन) समेतका पुनःनापीको क्रममा हालसाविक जग्गा दर्ता प्रकृयावाट सरकारी सार्वजनिक जग्गा घुसाई शुरु जग्गा दर्ता गर्ने गराउने जग्गा धनी प्रतिवादीहरु रेवत राज पुरी (गगन), केशावती पुरी, मनमाया पुरी, देव कुमार पुरी, देवरुपा पुरी, डिल्लीराम पुरी, प्रेम कुमार पुरी, माया पुरी पाण्डे, ममता पुरी घिमिरे, कृष्ण कुमार पुरी, कुल बहादुर दाहाल, जंग बहादुर थापा, कृष्ण बहादुर विश्वकर्मा, खड्ग बहादुर दाहाल, गीतादेवी शर्मा, गोपाल अधिकारी, तारा विर विष्ट, तेज बहादुर दाहाल, थान बहादुर दाहाल, प्रेम कुमारी पंजियार (साह), बालकुमारी यादव, भिमसेन प्रसाद अधिकारी, लक्ष्मी माया थापा, विमला देवी पौडेल, बुद्धि मान राई, कौमारी बस्नेत, धन बहादुर थापा, युवराज थापा समेतका २८ जना प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूर र सोही ऐनको दफा २२को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कसूरमा विगो रु.३४,६६,५४,८४९।६५ कायम गरि सोही ऐनको दफा ८ को उपदफा (१) वमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय बिगो असुल उपर गरी पाउन मागदावी लिईएको देखिन्छ।<br>• जग्गा धनी प्रतिवादीहरु उमा श्रेष्ठ समेतका पुनःनापीको क्रममा हालसाविक जग्गा दर्ता प्रकृयावाट सरकारी सार्वजनिक जग्गा घुसाई शुरु जग्गा दर्ता गर्ने जग्गा धनी प्रतिवादीहरु उमा श्रेष्ठ, तुलसा देवी पौडेल, प्रमोद पौड्याल, विश्वेश्वर पौड्याल, हर्कलाल विश्वकर्मा, गंगा देवी घिमिरे (राधा), लछिमाया बस्नेत, टंकदेवी पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा ९ बमोजिमको कसूरमा र सोहीको दफा २२ बमोजिमको कसूरमा बिगो रु.४,६१,४४,९०२।५० कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ९ वमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय गरी निज प्रतिवादीहरुको आ-आफ्नो बिगो असुल उपर गरी पाउन मागदावी लिईएको देखिन्छ।<br>• प्रतिवादीहरु अनु राना समेतका अनु राना, अनुप नेम्वाङ्ग, अशोक शाह, इन्द्र प्रसाद ढकाल, उमा श्रेष्ठ, उर्मिला तिम्सिना, पुष्पा तिम्सिना, उर्मिला बराल, उर्वशी थापा, कमल कुमारी ढ्याकी, कमल प्रसाद खनाल, कुन्ती राना, कुमारी माया मगरनी, कुमारी सोनिका खड्गी, कृष्ण कुमार राई, कृष्ण बहादुर विश्वकर्मा, केशावती पुरी, कौमारी बस्नेत, खडानन्द दाहाल, खड्ग बहादुर दाहाल, खड्गमाया कार्की, खेसीमाया दर्लामी मगर, गायत्री तिम्सिना, गिता पौडेल, गिता राना मगर मुर्मु, घनश्याम सुवेदी, चन्द्र प्रसाद मिश्र, चन्द्र बहादुर पुन मगर, चुनादेवी थुम्फारा, जय नारान थेगीम, जित बहादुर श्रेष्ठ, झुना देवी थापा, टेक माया खरेल, डिल्लीराम पुरी, तिलक बहादुर लिम्बु, तुलसा देवी पाठक, तुलसी पराजुली, तुलसी प्रसाद पौडेल, तृप्ता ढकाल, तेज बहादुर दाहाल, थान बहादुर दाहाल, दिपक कुमार | | दुई सय सतासी रुपैया पचास पैसा मात्र), स्टालिन भण्डारीलाई ३ कित्ता जग्गाको बिगो रु. ८९,७४,५००।०० (अक्षरुपी उनानब्बे लाख चौहत्तर हजार पाँच सय रुपैया मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ९ बमोजिमसमेत सजाय हुन मागदावी लिईएकोमा यि प्रतिवादीहरु **शेष बहादुर श्रेष्ठ,सियालाल राम** र **स्टालिन भण्डारी**ले आफूले आफ्नो **कर्तव्य पालनाको सिलसिलामा कार्य गरेको भनी आरोपित कसूरमा इन्कारी बयान गरेकोले शुरु विशेष अदालतले सफाई दिएको देखिन्छ।** राष्ट्रसेवक रहेका यि प्रतिवादीहरुले कर्तब्य पालना (Official Duty) को शिलसिलामा नै दुराशयले (Dishonset Intention) आफु कार्यरत नापी कार्यालय दमकका कार्यालय प्रमुख शशिकान्त झा समेतले जग्गा खरिदको नाममा लाभ प्राप्त गर्ने (Illegal Gratification) कार्यलाई सहज बनाउने उदेश्यले पदको दुरुपयोग (Abuse of Authority) गरि पदिय कर्तब्य पालनाको आवरणमा पदको दुरुपयोग गरि (Colourable Exercise of power)भ्रष्टाचार जन्य कसुर गरेको तथ्य स्थापित भएको देखिन्छ भने यि प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा फिल्डबुकमा महल खाली विरह घडेरी र किसिम खण्ड (घ) उल्लेख भई ब्लकमा नापी भएको कित्ताभित्र निवेदक उमा श्रेष्ठ समेतको ब्लक भित्र परेको हुँदा र पुन नापी/सर्पटमा साविक क्षेत्रफलभन्दा घटी नै हालसाविक तयार गरी सर्भेक्षकबाट चेक जाँच गराई मालपोत कार्यालयमा पठाएको हो भन्ने समेत वेहोरा बताएकोमा निज प्रतिवादीले बयानमा उल्लेख गरेका बिषयहरु मिलेको अवस्था छैन। किनकि २०२१ सालको नापीमा नै सरकारी सार्वजनिक कायम भएका जग्गाहरु व्यक्ति विशेषकोमा घुसेकोमा उक्त सरकारी सार्वजनिक समेतका जग्गा व्यक्ति विशेषको जग्गामा नघुसेको भनी गलत लिखत तयार गरेको, ओभरल्याप(Overlap) नक्सासमेत सामेल नगरी नगराई मालपोत कार्यालय दमकलाई पठाएको मिसिल संलग्न कागजातहरुबाट पुष्टि भैरहेको तथा निज कार्यरत नापी कार्यालय दमकका अन्य प्रतिवादी कर्मचारीहरुलाई कैद तथा जरिबाना गरी बिगो समेत भराई जग्गा हालसाविक गराई माग्ने निवेदक प्रतिवादीहरुको जग्गा समेत जफत हुने ठहऱ्याई फैसला गरेकोले शुरु विशेष अदालतबाट सफाई दिएको फैसला मिलेको नदेखिंदा फैसला बदर गरी प्रतिवादी शेष बहादुर श्रेष्ठलाई ३ कित्ता जग्गाको बिगो रु. ४,२३,११५।०० (अक्षरुपी चार लाख तेईस हजार एक सय पन्ध्र रुपैया मात्र), सियालाल रामलाई ४ कित्ता जग्गाको बिगो रु. ३,६७,४७,२८७।५० (अक्षरुपी तीन करोड सठसट्ठी लाख सतचालीस हजार दुई सय सतासी रुपैया पचास पैसा मात्र), स्टालिन भण्डारीलाई ३ कित्ता जग्गाको बिगो रु. ८९,७४,५००।०० (अक्षरुपी उनानब्बे लाख चौहत्तर हजार पाँच सय रुपैया मात्र) पैसाको भएको कसूर ठहर गरी उक्त जग्गाहरु शुरु दर्ता तथा हालसाविक पश्चात निरन्तर रुपमा जग्गाधनी प्रतिवादीहरु १०४ जनाहरुलाई विभिन्न तहमा बिक्री गरि समयको क्रम अनुसार जग्गाको खरिद तथा विक्री दरमा हुने मुल्यको उतारचढावको आधारमा निरन्तर फाईदा प्राप्त गरि रहेको र पछिल्लो जग्गाधनीहरुलाई समेत जफत प्रयोजनको लागी प्रतिवादी कायम गरि अभियोजन गरिएकोमा शुरु विशेष अदालतवाट उक्त दावी गरिए कै रु.३४,६६,५४,८४९।६५ को जग्गा जफत हुने ठहर समेत गरि सकेको परिप्रेक्ष्यमा प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदरभागी छ। आरोप दावीबमोजिम उल्लेखित प्रतिवादीहरु **शेष बहादुर श्रेष्ठ,सियालाल राम** र **स्टालिन भण्डारी**लाई विगो भराई विगोबमोजिम जरिबाना हुन र दफा ८ (१)को देहाय (ज) र दफा ९ बमोजिम सजाय हुन अनुरोध छ।<br>• **नापी कार्यालय, दमक, झापाका तत्कालिन सर्भेक्षक इद्रिस नदाफ, डिल्ली कुमार लिम्बु, सर्भेक्षक कृष्ण देव रामको हकमाः** जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६ को उपदफा (६ग), जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम १५ उपनियम (५), नापी शाखा एंव नापी गोश्वाराको कार्यविधि, २०६० समेतको व्यवस्थामा उल्लेख भए बमोजिम सरकारी सार्वजनिक जग्गा घुसाई हालसाविक जग्गा दर्ता | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बस्नेत, दुर्गा बाँनिया, देवरुपा पुरी, धर्मेन्द्र खड्गी, धिरेन्द्र बहादुर सम्बाहाम्फे (लिम्बु), रामहरी के.सी., नईन कला लुईटेल, नजरमान स्याङ्गतान, नर्वदा खरेल, निर्मला देवी पंडित, पिंकि भण्डारी, पूर्ण बहादुर लिम्बु, पूर्ण बहादुर राई, पूर्वी किरण इन्भेष्टमेन्ट प्रा.लि., दमक नगरपालिका वडा नं. १३, झापा, प्रकाश नवाछेँ श्रेष्ठ, प्रमिला बस्नेत गोदार, प्रमोद पौड्याल, प्रसिद्धि सप्लायर्स एण्ड कम्पनी प्रा.लि. विर्तामोड नगरपालिका वडा नं. ४, झापा, प्रेम कुमार पुरी, प्रेम कुमारी उप्रेती, प्रेम कुमारी पंजियार (साह), बलराम तामाङ्ग, बाल कुमारी गुरागाई, बाल कुमारी यादव, बुद्धिमान राई, भक्त बहादुर कटुवाल, भिवोर विकास बैंक हाल लुम्बिनी विकास बैंक लि., प्रधान कार्यालय, डिल्लीबजार काठमाडौं, भुमिका कोइराला, भेष बहादुर शेर्मा, मनमाया पुरी, माया पुरी (पाण्डे), मुक्ती नाथ गौतम, मुना भट्टराई, युनिटी एण्ड होम मेकर प्रा.लि., युनिषा श्रेष्ठ, रतन राई, रनमाया थापा पौडेल, रमेश भट्टराई, रश्मि निरौला, स्वायस्ना पराजुली, राज कुमारी राना, राजमाया राई, राम कुमार रमण यादव, राम प्रसाद पोखरेल, रिता उप्रेती खड्का, रेखा थापा (राना), रेनुका बलम्पकी मगर, रेनुका राई, रेवत राज पुरी, लक्ष्मी भट्टराई (गिरी), लक्ष्मी माया थापा, लछि माया बस्नेत, लिला माया दर्लामी मगर, लेखनाथ रिजाल, विजय राई, विनोद कुमार मण्डल, विन्दा कुमारी राई, विष्णु प्रसाद थेगिम, वोसोमाया धिमाल, शन्त बहादुर तामाङ, शान्ता चौलागाई, शुष्मा भट्टराई, युवराज दर्लामी मगर, शेर सिंह दर्लामी मगर, श्रीमती पोषक कुमारी पोखरेल, श्रीमती पुष्पा राना मगर, सन्तोष राई, सविता आले मगर, सविना माझी, सष्टिका राई, सिद्धिमान मगर, सुनधारा सपिङ्ग मल प्रा.लि., काठमाडौं महानगरपालिका वडा नं. २२, काठमाडौं, सुरेश उप्रेती, सम्झना मल्ल, हर्क बहादुर कटुवाल, सुबोध साह, सुशिला निरौला, सृजना रिजाल भट्ट, हरी प्रसाद शिवाकोटी, हर्कलाल विश्वकर्मा, हर्कमाया भण्डारी समेतका १०४ जनाको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत गरि निजहरुका नाउको उक्त सरकारी सार्वजनिक जग्गालाई पूर्ववत रुपमा नेपाल सरकारको नाममा ल्याउनसमेतको मागदावी लिईएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• विशेष अदालत, काठमाण्डौवाट "नापी कार्यालय, झापाका प्रमुख नापी अधिकृत प्रतिवादी शशीकान्त झाको हकमा निजकोले निजको श्रीमती अनार देवी झालाई समेत प्रतिवादी कायम गरि आरोप पत्र दायर भएको देखिदा निज शशीकान्त झा संसारनाथ पाण्डेयसमेतको मृत्यु भैसकेको हुदाँ निजलाई सजाय गर्नु परेन, उक्त हालसाविक जग्गादर्ता प्रक्रियाको निर्णयमा संलग्न नापी कार्यालय, झापाका अन्य कर्मचारीहरु प्रतिवादीहरु सिताराम यादव, विन्देश्वर पंजियार सुढी, जगदिश प्रसाद यादव,गणेश कुमार धिमाल,रुद्र प्रसाद श्रेष्ठ, रामदेव मण्डल धानुक,विनोद कुमार मण्डल, मिन बहादुर प्रधान र विष्णु कुमार न्यौपानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) को कसुरमा | | प्रकृयावाट व्यक्ति विशेषको नाममा दर्ता गर्न गराउन नपाईने स्पष्ट कानूनी व्यवस्था रहेकोमा सोको विपरित प्रतिवादी डिल्ली कुमार लिम्बुले वदनियत राखी आफूसमेतलाई लाभ प्राप्त गर्ने र नेपाल सरकार/सार्वजनिक संस्थालाई हानी पुर्याउने वदनियतले मालपोत कार्यालय दमक झापावाट ओभरल्याप(Overlap) नक्सा सहितको सरकारी सार्वजनिकसमेतका जग्गा घुसे/नघुसेको विवरण माग भएकोमा २०२१ सालको नापीमा नै सरकारी सार्वजनिक कायम भएका जग्गाहरु व्यक्ति विशेषको जग्गामा घुसेको देखिंदासमेत सरकारी सार्वजनिकसमेतका जग्गा व्यक्तिविशेषका जग्गामा नघुसेको भनी गलत लिखत तयार गरी गराई ओभरल्याप(Overlap) नक्सासमेत सामेल नगरी नगराई मालपोत कार्यालय दमक झापामा विवरण चेकजाँच गरी पठाएकोमा उक्त गलत विवरण नै स्वीकार गरी थप आवश्यक कागजात प्राप्त नगरी नगराई मालपोत कार्यालय दमक झापावाट सरकारी सार्वजनिक जग्गा घुसाई हालसाविक जग्गा दर्ताको निर्णय भएको देखिँदा निज **इद्रिस नदाफ, डिल्ली कुमार लिम्बु, सर्भेक्षक कृष्ण देव राम**ले गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ज) र दफा ९ बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादीहरुलाई आरोपपत्रमा उल्लेखित बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिबाना सजाय गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा ९ वमोजिमसमेत सजाय हुन मागदावी लिईएकोमा प्रतिवादीहरु **इद्रिस नदाफ, डिल्ली कुमार लिम्बु, सर्भेक्षक कृष्ण देव राम**ले आफूले आफ्नो कर्तव्य पालनाको सिलसिलामा कार्य गरेको भनी आरोपित कसूरमा इन्कारी बयान गरेकोले शुरु विशेष अदालतले सफाई दिएको देखिन्छ। राष्ट्रसेवक रहेका यि प्रतिवादीहरुले कर्तब्य पालना (Official Duty) को शिलसिलामा नै दुराशयले (Dishonset Intention) आफु कार्यरत नापी कार्यालय दमकका कार्यालय प्रमुख शशिकान्त झा समेतले जग्गा खरिदको नाममा लाभ प्राप्त गर्ने (Illegal Gratification) कार्यलाई सहज बनाउने उदेश्यले पदको दुरुपयोग (Abuse of Authority) गरि पदिय कर्तब्य पालनाको आवरणमा पदको दुरुपयोग गरि (Colourable Exercise of power) भ्रष्टाचार जन्य कसूर गरेको तथ्य स्थापित भएको देखिन्छ भने यि प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा हालसाविकको कार्य प्रतिवादीहरु विनोद कुमार मण्डल, इद्रिस नदाफ र सियालाल रामले गर्नुभएको हो मैले चेक जाँच गर्ने महलमा दस्तखत गरेको हो। जग्गाहरुको क्षेत्रफल घटी थियो भन्ने समेत वेहोरा बताएकोमा निज प्रतिवादीले बयानमा उल्लेख गरेका बिषयहरु मिलेको अवस्था छैन। किनकि २०२१ सालको नापीमा नै सरकारी सार्वजनिक कायम भएका जग्गाहरु व्यक्ति विशेषकोमा घुसेको र सरकारी सार्वजनिकसमेतका जग्गा व्यक्ति विशेष जग्गामा नघुसेको भनी गलत लिखत तयार गरेको ओभरल्याप (Overlap) नक्सासमेत सामेल नगरी नगराई मालपोत कार्यालय दमकलाई पठाएको मिसिल संलग्न कागजातहरुबाट पुष्टि भैरहेको तथा निज कार्यरत नापी कार्यालय दमकका अन्य प्रतिवादी कर्मचारीहरुलाई कैद तथा जरिबाना गरी बिगो समेत भराई जग्गा हालसाविक गराई माग्ने निवेदक प्रतिवादीहरुको जग्गा समेत जफत हुने ठहऱ्याई फैसला गरेकोले शुरु विशेष अदालतबाट सफाई दिएको फैसला मिलेको नदेखिंदा फैसला बदर गरी प्रतिवादी इद्रिस नदाफलाई ६ कित्ता जग्गाहरुको ३,६८,३२,३०२।५० डिल्ली कुमार लिम्बुलाई ३ कित्ता जग्गाहरुको विगो रु. ८९,७४,५००।०० र कृष्ण देव रामलाई २ कित्ता जग्गाहरुको विगो रु.३५,८८,६३७।५० भएको कसूर ठहर गरी उक्त जग्गाहरु शुरु दर्ता तथा हालसाविक पश्चात निरन्तर रुपमा जग्गाधनी प्रतिवादीहरु १०४ जनाहरुलाई विभिन्न तहमा बिक्री गरि समयको क्रम अनुसार जग्गाको खरिद तथा विक्री दरमा हुने मुल्यको उतारचढावको आधारमा निरन्तर फाईदा प्राप्त गरि रहेको र पछिल्लो जग्गाधनीहरुलाई समेत जफत प्रयोजनको लागी प्रतिवादी कायम गरि अभियोजन गरिएकोमा शुरु विशेष अदालतवाट उक्त दावी गरिए कै रु.३४,६६,५४,८४९।६५ को जग्गा जफत हुने ठहर समेत गरि सकेको परिप्रेक्ष्यमा प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदरभागी छ। |

सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम निम्न अनुसार कैद र निजहरु संलग्न जग्गाको क्षेत्रफल अनुसार हुने बिगो रकमको दामासाहीले जरिबाना हुने ठहर्छ।

| १. नं. | प्रतिवादी कर्मचारी को नाम | दर्ता गरेको क्षेत्रफल | कैद | जरिबाना रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिताराम यादव | १३८९३५.७९ | एक वर्ष | २५,००,८४४।२२ | |
| | विन्देश्वर पंजियार सुंढी | १७२६७३.६१ | एक वर्ष | ३१,०८,१२४।९८ | |
| ३. | जगदिश प्रसाद यादव | १७२१.८९ | तीन महिना | ३०,९९४।०२ | |
| ४. | गणेश कुमार धिमाल | ३५१२९.२७ | छ महिना | ६,३२,३२६।८६ | |
| ५. | रुद्र प्रसाद श्रेष्ठ | १८३७.९५ | तीन महिना | ३३,०८३।१० | |
| ६. | रामदेव मण्डल धानुक | १३९७.५३ | तीन महिना | २५,१५५।५४ | |
| ७. | विनोद कुमार मण्डल | २६५७२.९९ | छ महिना | ४,७८,३१३।८२ | |
| ८. | मिनबहादुर प्रधान | १०१६.०७ | तीन महिना | १८,२८९।२६ | |
| ९. | विष्णु कुमार न्यौपाने | ११६.०६ | तीन महिना | २,०८९।८ | |

- पहिलो क्रमका हालसाविक गर्ने प्रतिवादी केशावती पुरी, मनमाया पुरी,

प्रतिवादीहरु **इद्रिस नदाफ, डिल्ली कुमार लिम्बु, सर्भेक्षक कृष्ण देव राम**लाई आरोप दावीबमोजिम बिगो भराई बिगोबमोजिम जरिबाना हुन र दफा ८ (१)को देहाय (ज) र दफा ९ बमोजिम सजाय हुन अनुरोध छ।

- **मालपोत कार्यालय, दमक, झापाका तत्कालिन मालपोत अधिकृत होमनाथ सेढाई, मालपोत अधिकृत तारानाथ दंगाल र मालपोत अधिकृत भिष्मराज भट्टराईको हकमाः** जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६ को उपदफा (६ग) तथा जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम १५ उपनियम (५) मा स्पष्ट रूपमा सरकारी तथा सार्वजनिक जग्गा हालसाविक जग्गा दर्ता प्रक्रियाबाट व्यक्ति विशेषको नाममा दर्ता गर्न नपाइने कानुनी व्यवस्था रहेको छ। तर प्रस्तुत मुद्दामा मालपोत कार्यालय दमक, झापाले स्वयं नापी कार्यालय, दमक, झापालाई सार्वजनिक/सरकारी जग्गा घुसेको वा नघुसेको यकिन गर्न ओभरल्याप (Overlap) नक्सासहितको विवरण माग गरेको देखिन्छ। तथापि, आवश्यक उक्त विवरण प्राप्त नगरी तथा यथार्थ स्थिति नखुली, सरकारी सार्वजनिक जग्गा घुसे/नघुसेको यकिन गर्ने प्रक्रिया पूरा नगरी, वदनियतपूर्वक जग्गाको क्षेत्रफलसमेत वृद्धि गरी "सरकारी सार्वजनिक जग्गा नघुसेको" भन्ने गलत निष्कर्षसहितको नापी कार्यालयबाट प्राप्त लिखतलाई आधार मानी निर्णय गरिएको देखिन्छ। यसरी, जग्गा प्रशासन कार्यविधि, २०६२ को भाग ३ को बुँदा नं. ३.६ मा निर्दिष्ट हालसाविक जग्गा दर्ता सम्बन्धी प्रक्रिया उल्लङ्घन गर्दै, पुनः नापीका क्रममा प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएका जग्गाहरूलाई घुसाई व्यक्तिविशेषको नाममा दर्ता गराउने कार्य गरिएको छ। उक्त कार्यका लागि प्रतिवादी **होमनाथ सेढाई, तारानाथ दंगाल र भिष्मराज भट्टराई**ले टिप्पणी पेश गरी सोही बमोजिम निर्णय गराएको देखिन्छ। यस प्रकारको कार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ज) बमोजिमको कसूर स्थापित भएको स्पष्ट छ। निजहरुले निर्णय गरेको जग्गाहरुको कुल बिगो कायम गरी सोही ऐन बमोजिम कैद तथा जरिबानाको सजाय मागदाबी गरिएको थियो। यद्यपि, प्रतिवादीले आफूले कर्तव्य पालनाको सिलसिलामा कार्य गरेको भनी आरोप अस्वीकार गरेको आधारमा विशेष अदालतबाट निज प्रतिवादीहरुलाई सफाइ हुने ठहर गरी फैसला भएको देखिन्छ। तर प्रतिवादीले अनुसन्धानका क्रममा दिएको बयानमा उल्लेखित तथ्यहरू मिसिल संलग्न कागजातहरुसँग मेल खाँदैनन्। विशेष रूपमा, २०२१ सालको प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएका जग्गाहरू व्यक्तिविशेषको नाममा घुसेको तथ्य मिसिलबाट पुष्टि भइरहेको छ। साथै, ओभरल्याप (Overlap) नक्सा संलग्न नगरी तथा आवश्यक प्रक्रिया पूरा नगरी नापी कार्यालयबाट मालपोत कार्यालयमा पठाइएको विवरणका आधारमा निर्णय भएको देखिन्छ, जुन प्रचलित कानूनको प्रत्यक्ष उल्लङ्घन हो। प्रतिवादीले मालपोत अधिकृतले नापीबाट प्राप्त अभिलेखका आधारमा मात्र श्रेस्ता अद्यावधिक गर्ने हो भन्ने जिकिर लिएको भए तापनि, सार्वजनिक सम्पत्तिको संरक्षणको सिद्धान्त (Doctrine of Protection of Public Property) तथा सार्वजनिक पदप्रतिको विश्वास र उत्तरदायित्व (Public Trust and Fiduciary Duty) अनुसार निजको दायित्व उच्च सतर्कता, निष्पक्षता र विधिसम्मत निर्णय गर्नु गराउनुपर्ने थियो। यस सन्दर्भमा गरिएको कार्य सामान्य प्रशासनिक त्रुटि नभई राज्यप्रतिको विश्वासमाथि गम्भीर आघात भएको ठहरिन्छ। अतिरिक्त रूपमा, यसै मुद्दासंग लगाउको मुद्दा (०८०-CR-०१११) मा नापी कर्मचारीहरूलाई सजाय तथा बिगो असुल गरिएको अवस्थामा समान तथ्य र परिस्थितिमा प्रतिवादीलाई सफाइ दिने निर्णय समानता, न्यायसंगतता तथा स्थापित कानुनी सिद्धान्तविपरीत रहेको देखिन्छ। साथै, मालपोत ऐन, २०३४ को दफा २४(२) अन्तर्गतको दायित्वसमेत उल्लङ्घन भएको स्पष्ट देखिन्छ। अतः उपर्युक्त आधार, प्रमाण तथा कानुनी व्यवस्थाहरूलाई दृष्टिगत गरी प्रतिवादी होमनाथ सेढाईलाई (३ कित्ता जग्गाहरुको बिगो रु.३२,५०,५३७।५०), तारानाथ दंगाललाई (३ कित्ता जग्गाहरुको बिगो रु.८९,७४,५००।००), भिष्मराज भट्टराईलाई (२ कित्ता जग्गाको बिगो रु. २,४७,६६,७५०।–) भएको उक्त जग्गाहरु शुरु

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देव कुमार पुरी, देवरुपा पुरी, डिल्लीराम पुरी, प्रेम कुमार पुरी, माया पुरी पाण्डे, ममता पुरी घिमिरे, कृष्ण कुमार पुरी, कुल बहादुर दाहाल, जंग बहादुर थापा, कृष्ण बहादुर विश्वकर्मा, खड्ग बहादुर दाहाल, गीतादेवी शर्मा, गोपाल अधिकारी, तारा विर विष्ट, तेज बहादुर दाहाल, थान बहादुर दाहाल, प्रेम कुमारी पंजियार (साह), बालकुमारी यादव, भिमसेन प्रसाद अधिकारी, लक्ष्मी माया थापा, विमला देवी पौडेल, बुद्धि मान राई, कौमारी बस्नेत, धन बहादुर थापा, युवराज थापा समेतका २७ जना र प्रतिवादीहरु उमा श्रेष्ठ, तुलसा देवी पौडेल, प्रमोद पौड्याल, विश्वेश्वर पौड्याल, हर्कलाल विश्वकर्मा, गंगा देवी घिमिरे (राधा), लछिमाया बस्नेत, टंकदेवी पौडेल समेत ८ जना गरि जम्मा ३५ जना प्रतिवादीहरुको हकमा निज प्रतिवादीहरु उपर लिईएको आरोप दावीबाट सफाई हुने ठहर गरि फैसला भएतापनि निज प्रतिवादीहरुका नाममा रहेको आरोप दावी बमोजिमको जग्गा जफत हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>• पहिलो क्रमका हालसाविक गर्ने प्रतिवादी गगन भन्ने रेवतराज पुरी, को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूरको मतियार भई दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूरमा मूल प्रतिवादीहरुलाई भए सरह नै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम एक वर्ष कैद र हुने बिगोको दामासाहीले हुने रु.३१,५२,५५९।७८ जरिवाना हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>• मालपोत कार्यालयका झापाका तत्कालिन प्रमुख मालपोत अधिकृत स्व. बच्चुराम कार्की र निजको श्रीमती प्रतिवादी शर्मीला कार्की, तत्कालिन नायब सुब्बा स्वर्गीय अर्जुन पोखेल र निजको श्रीमती प्रतिवादी रञ्जना दाहाल, तत्कालिन मालपोत अधिकृत होमनाथ सेढाई,तारानाथ दंगाल, र भिष्मराज भट्टराई, तत्कालिन नायब सुब्बा ज्ञानु सिवाकोटी,नायब सुव्वा कृष्ण भट्टराई,नायब सुब्बा खड्ग बहादुर खड्का,नायब सुब्बा राज कुमार राई,नायब सुब्बा रोहित कुमार कोइराला र नायब सुब्बा डिल्लीरामलाई आरोपदावीबाट सफाई दिने गरी विशेष अदालतवाट फैसला भएको देखिन्छ।<br>• नापी कार्यालय दमकका नापी अधिकृत प्रतिवादी शेष बहादुर श्रेष्ठ, नापी अधिकृत सियालाल राम, नापी अधिकृत स्टालिन भण्डारी, तत्कालिन सर्भेक्षक इद्रिस नदाफ, सर्भेक्षक डिल्ली कुमार लिम्बु र सर्भेक्षक कृष्ण देव रामलाई आरोपदावीबाट सफाई दिने गरी विशेष अदालतवाट फैसला भएको देखिन्छ।<br>• दोस्रो तहमा हकहस्तान्तरण भई जग्गा प्राप्त गरेका जग्गा धनी प्रतिवादीहरु अनु राना समेत जना १०४ को हकमा निजहरुको नाममा कायम भई आएको आरोप दावी बमोजिमको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम जफत हुने ठहर गरि विशेष | | दर्ता तथा हालसाविक पश्चात निरन्तर रुपमा जग्गाधनी प्रतिवादीहरु १०४ जनाहरुलाई विभिन्न तहमा बिक्री गरि समयको क्रम अनुसार जग्गाको खरिद तथा विक्री दरमा हुने मुल्यको उतारचढावको आधारमा निरन्तर फाईदा प्राप्त गरि रहेको र पछिल्लो जग्गाधनीहरुलाई समेत जफत प्रयोजनको लागी प्रतिवादी कायम गरि अभियोजन गरिएकोमा शुरु विशेष अदालतवाट उक्त दावी गरिए कै रु.३४,६६,५४,८४९।६५ को जग्गा जफत हुने ठहर समेत गरि सकेको परिप्रेक्ष्यमा प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदरभागी छ। प्रतिवादीहरु **होमनाथ सेढाई, तारानाथ दंगाल र भिष्मराज भट्टराईलाई** बिगो बमोजिम जरिबाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय गर्न अनुरोध छ।<br>• **मालपोत कार्यालय, दमक, झापाका तत्कालिन नायब सुब्बा ज्ञानु सिवाकोटी, नायब सुव्वा कृष्ण प्रसाद भट्टराई, नायब सुब्बा खड्ग बहादुर खड्का, नायब सुब्बा राज कुमार राई, नायब सुब्बा रोहित कुमार कोइराला, नायब सुब्बा डिल्लीराम कोइरालाको हकमाः**जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६ को उपदफा (६ग) तथा जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम १५ उपनियम (५) मा स्पष्ट रूपमा सरकारी तथा सार्वजनिक जग्गा घुसाई हालसाविक जग्गा दर्ता प्रक्रिया मार्फत कुनै व्यक्तिविशेषको नाममा दर्ता गर्न नपाइने व्यवस्था रहेको छ। यसै सन्दर्भमा, मालपोत कार्यालय दमक, झापाले नापी कार्यालय, दमक, झापासँग सरकारी/सार्वजनिक जग्गा घुसे/नघुसेको यथार्थ विवरण खुल्ने प्रकृतिको ओभरल्याप (Overlap) नक्शा लगायतका आवश्यक कागजात माग गरेको देखियो। तर, सो आवश्यक विवरण प्राप्त नगरी तथा यथार्थता पुष्टि नगरी, बदनियतपूर्वक जग्गाको क्षेत्रफल वृद्धि गरी सरकारी/सार्वजनिक जग्गा नघुसेको भन्ने गलत विवरण तयार गरी नापी कार्यालयबाट पठाइएको लिखतलाई आधार मानी निर्णय गरिएको देखियो। यसरी, जग्गा प्रशासन कार्यविधि, २०६२ को भाग ३ को बुँदा नं. ३.६ बमोजिमको हालसाविक जग्गा दर्ता प्रक्रिया समेतलाई बेवास्ता गरी, प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएका जग्गाहरूलाई व्यक्तिविशेषको नाममा दर्ता गराउने कार्य भएको पुष्टि भयो। उक्त कार्यमा संलग्न प्रतिवादीहरु **ज्ञानु सिवाकोटी, कृष्ण प्रसाद भट्टराई, खड्ग बहादुर खड्का, राज कुमार राई, रोहित कुमार कोइराला, डिल्लीराम कोइराला**ले टिप्पणी पेश गरी सोही आधारमा निर्णय गराएको देखिँदा, निजको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसूर पुष्टि भएको छ। तदनुसार कि.नं. ७८, ८५ र १४७ का जग्गाहरूको जम्मा बिगो रु. ४,२३,११५।– कायम गरी सोही ऐन बमोजिम सजाय तथा जरिबाना हुनुपर्ने स्पष्ट देखिन्छ। तर, **ज्ञानु सिवाकोटी, कृष्ण प्रसाद भट्टराई, खड्ग बहादुर खड्का, राज कुमार राई, रोहित कुमार कोइराला, डिल्लीराम कोइराला**ले आफ्नो कार्य कर्तव्यपालनाको क्रममा भएको भनी इन्कारी बयान गरेको आधारमा विशेष अदालतबाट सफाई दिएको पाइन्छ। निजहरुले अनुसन्धान अधिकारीसमक्ष दिएको बयानमा प्राविधिक कार्यहरू नापी कार्यालयको जिम्मेवारी रहेको र सोही कार्यालयबाट प्राप्त विवरणका आधारमा निर्णयकर्तासमक्ष पेश गरेको जिकिर लिएको भए पनि, मिसिल संलग्न कागजातहरूबाट सो जिकिर तथ्यसंगत देखिँदैन। विशेषतः, २०२१ सालको प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएका जग्गाहरूलाई ओभरल्याप नक्शा समेत संलग्न नगरी, गलत विवरण तयार गरी मालपोत कार्यालयमा पठाइएको तथ्य प्रमाणित भएको छ। यसबाट प्रचलित कानूनको स्पष्ट उल्लङ्घन भई सरकारी अचल सम्पत्ति गैरकानूनी रूपमा व्यक्तिको नाममा दर्ता गराइएको पुष्टि भएको छ। यस्तो अवस्थामा, प्रतिवादीहरुले आफ्नो कार्यलाई सामान्य कर्तव्यपालनाको रूपमा देखाउने प्रयास गरे तापनि, सार्वजनिक सम्पत्तिको संरक्षणको सिद्धान्त (Doctrine of Protection of Public Property) तथा सार्वजनिक पदप्रतिको विश्वास र उत्तरदायित्व (Public Trust and Fiduciary Duty) अनुसार राष्ट्रसेवक कर्मचारीबाट अपेक्षित उच्च सावधानी, निष्पक्षता र विधिसम्मत आचरणको गम्भीर उल्लङ्घन भएको मानिनु पर्ने हुन्छ। यसै मुद्दासँग सम्बन्धित लगाउका मुद्दामा नापी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अदालतवाट फैसला भएको देखिन्छ। | | कर्मचारीहरूलाई सजाय तथा बिगो असुल गरिएको अवस्थामा, समान तथ्य र परिस्थितिमा प्रतिवादीहरु **ज्ञानु सिवाकोटी, कृष्ण प्रसाद भट्टराई, खड्ग बहादुर खड्का, राज कुमार राई, रोहित कुमार कोइराला, डिल्लीराम कोइराला**लाई विशेष अदालतबाट दिइएको सफाईको फैसला समानता, न्यायसंगतता तथा स्थापित कानुनी सिद्धान्तहरूको प्रतिकूल देखिन्छ। साथै, मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिमको दायित्व समेत स्पष्ट रूपमा उल्लङ्घन गरिएको छ। **अतः**, विशेष अदालतको उक्त सफाईको फैसला त्रुटिपूर्ण भएकाले बदर गरी, प्रतिवादी **ज्ञानु सिवाकोटी**लाई (३ कित्ता जग्गाहरुको बिगो रु. ४,२३,११५।-),**कृष्ण प्रसाद भट्टराई** (५ कित्ता जग्गाहरुको विगो रु.४,५७,२१,७८७।५०), **खड्ग बहादुर खड्का** (३ कित्ता जग्गाहरुको विगो रु.२,८०,१७,२८७।५०), **राज कुमार राई** (२ कित्ता जग्गाहरुको विगो रु.३,९७,३७२।५०),**रोहित कुमार कोइराला** (३ कित्ता जग्गाहरुको विगो रु.८९,७४,५००।००),**डिल्लीराम कोइराला** (३ कित्ता जग्गाहरुको विगो रु.३२,५०,५३७।५०) लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिम कसूर ठहर गरी उक्त जग्गाहरु शुरु दर्ता तथा हालसाविक पश्चात निरन्तर रुपमा जग्गाधनी प्रतिवादीहरु १०४ जनाहरुलाई विभिन्न तहमा बिक्री गरि समयको क्रम अनुसार जग्गाको खरिद तथा विक्री दरमा हुने मुल्यको उतारचढावको आधारमा निरन्तर फाईदा प्राप्त गरि रहेको र पछिल्लो जग्गाधनीहरुलाई समेत जफत प्रयोजनको लागी प्रतिवादी कायम गरि अभियोजन गरिएकोमा शुरु विशेष अदालतवाट उक्त दावी गरिए कै रु.३४,६६,५४,८४९।६५ को जग्गा जफत हुने ठहर समेत गरि सकेको परिप्रेक्ष्यमा प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदरभागी छ।प्रतिवादीहरु **ज्ञानु सिवाकोटी, कृष्ण प्रसाद भट्टराई, खड्ग बहादुर खड्का, राज कुमार राई, रोहित कुमार कोइराला, डिल्लीराम कोइरालालाई** बिगो बमोजिम जरिबाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय गर्न अनुरोध छ।<br>• **प्रतिवादीहरु रेवत राज पुरी (गगन) समेतको हकमा:**आरोपपत्रको पृष्ठ नं. २६७ देखि २७३ सम्म उल्लेख भएअनुसार पुनः नापीका क्रममा हालसाविक जग्गा दर्ता प्रक्रियाबाट सरकारी/सार्वजनिक जग्गा घुसाई प्रारम्भिक जग्गा दर्ता गर्ने/गराउने कार्यमा संलग्न जग्गाधनी प्रतिवादीहरू क्रमशः रेवतराज पुरी (गगन), केशावती पुरी, कौमारी बस्नेत, कृष्ण बहादुर विश्वकर्मा, कृष्ण कुमार पुरी, कुल बहादुर दाहाल, खड्ग बहादुर दाहाल, गीतादेवी शर्मा, गोपाल अधिकारी, जंग बहादुर थापा, तारा वीर विष्ट, तेज बहादुर दाहाल, थान बहादुर दाहाल, धन बहादुर थापा, प्रेम कुमारी पंजियार (साह), मनमाया पुरी, देव कुमार पुरी, देवरुपा पुरी, डिल्लीराम पुरी, प्रेम कुमार पुरी, माया पुरी (पाण्डे), ममता घिमिरे, बालकुमारी यादव, भिमसेन प्रसाद अधिकारी, विमला देवी पौडेल, बुद्धिमान राई, युवराज थापा तथा लक्ष्मी माया थापा रहेका छन्।शुरु विशेष अदालतले केवल मुख्य प्रतिवादी रेवतराज पुरी (गगन) लाई मात्र कैद तथा जरिबानाको सजाय गरी अन्य प्रतिवादीहरूलाई सफाइ दिई विवादित जग्गा जफत गरी नेपाल सरकारको नाममा ल्याउने ठहर गरेको देखिन्छ, जुन निर्णय तथ्य, प्रमाण तथा प्रचलित कानूनको दृष्टिले मिलेको देखिँदैन।मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी रेवतराज पुरीले उल्लिखित अन्य प्रतिवादीहरू आफ्ना आफन्तहरूलाई जग्गा हस्तान्तरण गरेको तथा विवादित जग्गाहरू आफ्ना पुर्खाबाट अंशबण्डा भएको भनी देखाई विभिन्न बहानामा सरकारी/सार्वजनिक जग्गा समेत घुसाई हालसाविक दर्ता गराई, तत्पश्चात ती जग्गाहरू अन्य प्रतिवादीहरूलाई विक्री वितरण गरिएको तथ्य स्पष्ट रूपमा स्थापित भएको छ।यसरी, सरकारी जग्गा गैरकानूनी रूपमा व्यक्तिको नाममा दर्ता गरी पुनः अन्य व्यक्तिहरूलाई हस्तान्तरण गर्ने कार्यबाट नेपाल सरकार तथा सार्वजनिक संस्थालाई प्रत्यक्ष हानी नोक्सानी पुऱ्याई आफू तथा अन्य प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतपूर्ण कार्य भएको पुष्टि छ।विशेषतः, २०२१ सालको प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएका जग्गाहरू पुनः नापीका क्रममा नापी कार्यालय दमक तथा मालपोत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यालय दमकलाई प्रभावमा पारी आफ्नो तथा अन्य प्रतिवादीहरूको नाममा दर्ता गराउने कार्यले प्रतिवादीहरूको आपराधिक मनसाय (mens rea) तथा साझा उद्देश्य (common intention) दुवै स्थापित गर्दछ। उक्त कार्यमा अन्य प्रतिवादीहरू केवल लाभग्राही मात्र नभई, सम्पत्ति ग्रहण गर्ने, उपभोग गर्ने तथा वितरण प्रक्रियामा सक्रिय संलग्न रहेको देखिँदा उनीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसूरबाट प्राप्त सम्पत्तिमा संलग्न मतियार (accomplice) को रूपमा सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको स्पष्ट रूपमा पुष्टि भएको छ। प्रतिवादीहरूले आफ्नो बचाउमा पुरी परिवारका मूल पुरुष भगवान पुरीको नाममा ठूलो परिमाणको जग्गा रहेको, २०४१ सालको बाढीले ढाकेको जग्गा पुनः आवाद गरिएको, सुकुम्बासी समस्या समाधान आयोगद्वारा केही जग्गा समावेश गरिएको, खोला तथा सडक यथावत् रहेको, तथा नापी प्रक्रियामा कुनै बदनियत नभएको भनी जिकिर लिएको देखिन्छ। साथै, प्रक्रियागत त्रुटि भएतापनि सो भ्रष्टाचारको कसूर नहुने, मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम स्वतः बदर हुने तथा नापी सम्बन्धी विभिन्न निर्देशिकाअनुसार कार्य भएको भन्ने जिकिर समेत लिइएको छ। तर, उक्त जिकिरहरू मिसिल संलग्न प्रमाण, ओभरल्याप (Overlap) सम्बन्धी तथ्य, तथा प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएको अवस्थासँग मेल खाँदैनन्। सरकारी जग्गा घुसाई दर्ता गराई पुनः विक्री वितरण गरिएको समग्र कार्यप्रणालीबाट बदनियत (malafide intention) स्पष्ट रूपमा स्थापित भएको अवस्था छ। यस अवस्थामा केवल मुख्य अभियुक्तलाई मात्र सजाय गरी अन्य प्रतिवादीहरूलाई सफाइ दिनु समानता (equality before law), न्यायसंगतता तथा स्थापित कानुनी सिद्धान्तविपरीत रहेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारलाई मुख्य कसूरदार सरह सजाय हुने स्पष्ट व्यवस्था रहेको हुँदा, उल्लिखित सम्पूर्ण प्रतिवादीहरूलाई पनि मुख्य कसूरदार सरह सजाय हुनु आवश्यक देखिन्छ। अतः शुरु विशेष अदालतको उक्त फैसला बदर गरी मुख्य अभियुक्त रेवतराज पुरी (गगन) तथा अन्य उल्लिखित प्रतिवादीहरूलाई उल्लिखित जग्गाहरूको कुल बिगो रु. ३४,६६,५४,८४९।६५ (अक्षरुपी चौतिस करोड, छैसठ्ठी लाख, चवन्न हजार, आठ सय उनन्चास रुपैयाँ पैसठ्ठी पैसा मात्र) उक्त जग्गाहरु शुरु दर्ता तथा हालसाविक पश्चात निरन्तर रुपमा जग्गाधनी प्रतिवादीहरु ११७ जनाहरुलाई विभिन्न तहमा बिक्री गरि समयको क्रम अनुसार जग्गाको खरिद तथा विक्री दरमा हुने मुल्यको उतारचढावको आधारमा निरन्तर फाईदा प्राप्त गरि रहेको र पछिल्लो जग्गाधनीहरुलाई समेत जफत प्रयोजनको लागी प्रतिवादी कायम गरि अभियोजन गरिएकोमा शुरु विशेष अदालतवाट उक्त दावी गरिए कै रु.३४,६६,५४,८४९।६५ को जग्गा जफत हुने ठहर समेत गरि सकेको परिप्रेक्ष्यमा सो अनुसार विगो कायम गर्न, सो बिगो असुल उपर गर्न तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ज) तथा दफा २२ बमोजिम मुख्य कसूरदार सरह प्रतिवादी केशावती पुरी समेत ३५ जनालाई कैद तथा जरिबानाको सजाय गर्नहुन अनुरोध छ।<br>• **प्रतिवादीहरु** उमा श्रेष्ठ, तुलसा देवी पौडेल, प्रमोद पौड्याल, विश्वेश्वर पौड्याल, हर्कलाल विश्वकर्मा, गंगा देवी घिमिरे (राधा), लछिमाया बस्नेत तथा टंकदेवी पौडेल को हकमा हेर्दा निज प्रतिवादीहरूले सरकारी/सार्वजनिक जग्गा व्यक्तिविशेषको नाममा घुसेको तथ्य देखिँदादेखिँदै पनि नापी कार्यालय दमक, झापाबाट "सरकारी सार्वजनिक जग्गा नघुसेको" भन्ने गलत लिखत तयार गराई/गराई, २०२१ सालको प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएका जग्गाहरू पुनः नापीका क्रममा नापी कार्यालय दमक तथा मालपोत कार्यालय दमकलाई प्रभावमा पारी आफ्नो नाममा कायम गराई, आफू तथा अन्य प्रतिवादीहरूलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने कार्य गरेको देखिन्छ। यसरी, निज प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) तथा दफा ९ बमोजिमको कसूरबाट प्राप्त सम्पत्ति लिने, खाने तथा प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दफा २२ बमोजिम कसूर गरेको स्पष्ट रूपमा पुष्टि भएको छ। यद्यपि, शुरु विशेष अदालतले उक्त कानुनी व्यवस्थाको उचित प्रयोग नगरी प्रतिवादीहरूलाई आरोपदावीबाट सफाइ दिई केवल निजहरूको स्वामित्व/भोगमा रहेका जग्गाहरू जफत गर्ने ठहर गरेको देखिन्छ, जुन निर्णय तथ्य, प्रमाण तथा प्रचलित कानूनको दृष्टिले मिलेको देखिँदैन। प्रतिवादीहरूले अनुसन्धानका क्रममा आफूहरूले नियमपूर्वक खरिद गरेको, विवादित जग्गाहरू पैतृक स्रोतका हुन् तथा रेवतराज पुरी लगायतबाट प्राप्त भएको भनी जिकिर लिएका छन्। तर, मिसिल संलग्न प्रमाणहरूबाट मुख्य अभियुक्त रेवतराज पुरी (गगन) ले आफ्ना आफन्तहरूलाई विवादित जग्गाहरू हस्तान्तरण गरेको, पुर्खाबाट अंशबण्डा भएको भनी देखाई सरकारी/सार्वजनिक जग्गा समेत घुसाई हालसाविक दर्ता गराई पुनः विक्री वितरण गरिएको तथ्य स्पष्ट रूपमा स्थापित भएको छ। यसरी, सरकारी जग्गा गैरकानूनी रूपमा व्यक्तिको नाममा दर्ता गरी पुनः अन्य व्यक्तिहरूलाई हस्तान्तरण गर्ने कार्यबाट नेपाल सरकार तथा सार्वजनिक संस्थालाई प्रत्यक्ष हानी नोक्सानी पुऱ्याई आफू तथा अन्य प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतपूर्ण कार्य भएको पुष्टि हुन्छ। विशेषतः, २०२१ सालको प्रारम्भिक नापीमा नै सरकारी/सार्वजनिक कायम भएका जग्गाहरू पुनः नापीका क्रममा सम्बन्धित निकायहरूलाई प्रभावमा पारी आफ्नो तथा अन्य प्रतिवादीहरूको नाममा दर्ता गराउने कार्यले प्रतिवादीहरूको आपराधिक मनसाय (mens rea) तथा साझा उद्देश्य (common intention) दुवै स्थापित गरेको छ। उक्त कार्यमा अन्य प्रतिवादीहरू केवल लाभग्राही मात्र नभई, सम्पत्ति ग्रहण गर्ने, उपभोग गर्ने तथा वितरण प्रक्रियामा सक्रिय संलग्न रहेको देखिँदा उनीहरूले मतियार (accomplice) को रूपमा सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको पुष्टि भएको छ। प्रतिवादीहरूले पुरी परिवारको जग्गा, बाढीपछि पुनः आवाद, सुकुम्बासी आयोगको संलग्नता, तथा नापी प्रक्रियामा बदनियत नभएको भनी जिकिर लिएका भए तापनि, उक्त जिकिरहरू मिसिल संलग्न प्रमाण, ओभरल्याप (Overlap) सम्बन्धी तथ्य तथा प्रारम्भिक नापीमा सरकारी/सार्वजनिक कायम भएको अवस्थासँग मेल खाँदैनन्। समग्र कार्यप्रणालीबाट बदनियत (malafide intention) स्पष्ट रूपमा स्थापित भएको छ। यस अवस्थामा केवल मुख्य अभियुक्तलाई मात्र सजाय गरी अन्य प्रतिवादीहरूलाई सफाइ दिनु समानता, न्यायसंगतता तथा स्थापित कानुनी सिद्धान्तविपरीत रहेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारलाई मुख्य कसूरदार सरह सजाय हुने स्पष्ट व्यवस्था रहेको हुँदा, उल्लिखित सम्पूर्ण प्रतिवादीहरूलाई पनि मुख्य कसूरदार सरह सजाय हुनु आवश्यक देखिन्छ। अतः शुरु विशेष अदालतको उक्त फैसला बदर गरी उल्लिखित प्रतिवादीहरूलाई उल्लिखित जग्गाहरूको कुल बिगो रु. ४,६१,४४,९०२।५० (अक्षरुपी चार करोड, एकसठ्ठी लाख, चवालीस हजार, नौ सय दुई रुपैयाँ पचास पैसा मात्र) उक्त जग्गाहरु शुरु दर्ता तथा हालसाविक पश्चात निरन्तर रुपमा जग्गाधनी प्रतिवादीहरु ११७ जनाहरुलाई विभिन्न तहमा बिक्री गरि समयको क्रम अनुसार जग्गाको खरिद तथा विक्री दरमा हुने मुल्यको उतारचढावको आधारमा निरन्तर फाईदा प्राप्त गरि रहेको र पछिल्लो जग्गाधनीहरुलाई समेत जफत प्रयोजनको लागी प्रतिवादी कायम गरि अभियोजन गरिएकोमा शुरु विशेष अदालतवाट उक्त दावी गरिए कै रु.३४,६६,५४,८४९।६५ को जग्गा जफत हुने ठहर समेत गरि सकेको परिप्रेक्ष्यमा सो अनुसार विगो कायम गर्न, सो बिगो असुल उपर गर्न तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज), दफा ९ तथा दफा २२ बमोजिम मुख्य कसूरदार सरह प्रतिवादीहरु उमा श्रेष्ठ समेत ८ जनालाई आरोप दावी बमोजिम सजाय गर्नहुन अनुरोध छ।<br>अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रस्तुत मुद्दामा विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा प्रतिवादीहरु स्व.शशीकान्त झाका हकमा निजकी श्रीमती अनार देवी झा, प्रतिवादी संसारनाथ पाण्डेयको हकमा निजकी श्रीमती सावित्री पाण्डेय, प्रतिवादी बच्चुराम कार्कीको हकमा निजकी श्रीमती शर्मिला कार्की, र प्रतिवादी अर्जुन पोखेलको हकमा निजकी श्रीमती |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रञ्जना दाहाल, नापी कार्यालय, दमकका कर्मचारी प्रतिवादीहरु सिताराम यादव, विन्देश्वर पंजियार सुढी, जगदिश प्रसाद यादव,गणेश कुमार धिमाल,रुद्र प्रसाद श्रेष्ठ, रामदेव मण्डल धानुक,विनोद कुमार मण्डल, मिन बहादुर प्रधान, विष्णु कुमार न्यौपाने,नापी कार्यालय, दमकका तत्कालिन नापी अधिकृतहरु शेष बहादुर श्रेष्ठ, सियालाल राम, स्टालिन भण्डारी,नापी कार्यालय, दमक, झापाका तत्कालिन सर्भेक्षकहरु इद्रिस नदाफ, डिल्ली कुमार लिम्बु, कृष्ण देव राम, मालपोत कार्यालय, दमक, झापाका तत्कालिन मालपोत अधिकृतहरु होमनाथ सेढाई, तारानाथ दंगाल र भिष्मराज भट्टराई, मालपोत कार्यालय, दमक, झापाका तत्कालिन प्रतिवादी नायब सुब्बाहरु ज्ञानु सिवाकोटी, कृष्ण प्रसाद भट्टराई, खड्ग बहादुर खड्का, राज कुमार राई, रोहित कुमार कोइराला, डिल्लीराम कोइराला, जग्गाधनीहरु रेवतराज पुरी (गगन), केशावती पुरी, कौमारी बस्नेत, कृष्ण बहादुर विश्वकर्मा, कृष्ण कुमार पुरी, कुल बहादुर दाहाल, खड्ग बहादुर दाहाल, गीतादेवी शर्मा, गोपाल अधिकारी, जंग बहादुर थापा, तारा वीर विष्ट, तेज बहादुर दाहाल, थान बहादुर दाहाल, धन बहादुर थापा, प्रेम कुमारी पंजियार (साह), मनमाया पुरी, देव कुमार पुरी, देवरुपा पुरी, डिल्लीराम पुरी, प्रेम कुमार पुरी, माया पुरी (पाण्डे), ममता घिमिरे, बालकुमारी यादव, भिमसेन प्रसाद अधिकारी, विमला देवी पौडेल, बुद्धिमान राई, युवराज थापा तथा लक्ष्मी माया थापा उमा श्रेष्ठ, तुलसा देवी पौडेल, प्रमोद पौड्याल, विश्वेश्वर पौड्याल, हर्कलाल विश्वकर्मा, गंगा देवी घिमिरे (राधा), लछिमाया बस्नेत तथा टंकदेवी पौडेल समेतलाई आरोप दावी बमोजिम सजाय जरिबाना गरि बिगो असुल हुन सम्मानित अदालत समक्ष अनुरोध छ। |